नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
(मालपोत तथा भूमिसुधार शाखा)

फ्याक्स नं. ५३३०५८५
महानिर्देशक: ५३२३०४९
निर्देशक प्रशासन:- ५३२५९८८
निर्देशक योजना:- ५३२६९८८
क.प्र.शाखा:- ५३६६४९३
आ.प्र.शाखा:- ५३६६४९३
पिए Ext.:- ५३२००२८

पत्र संख्या:- २०८२/०८३/ज.प्र.१६/१ १८८८
चलानी नं.:- ४८८३

बबरमहल, काठमाण्डौ
नेपाल ।

मितिः-२०८३/०३/०२

विषय:- भोगाधिकार सम्बन्धमा ।

श्री भूमि प्रशासन कार्यालय, सबै ।

प्रस्तुत विषयमा सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ लागु हुनुपूर्व भोगाधिकारमा दिइएको सरकारी जग्गा लिजमा परिणत गर्नुपर्ने लिज कार्यनीति, २०७१ को दफा २१ मा व्यवस्था रहेको र सोही दफाको उपदफा (८) मा भोगाधिकार प्राप्त व्यक्ति, संस्था वा निकायले लिजमा परिणत गर्न निवेदन नदिएमा म्याद समाप्त भएपछि त्यस्तो भोगाधिकार स्वत: समाप्त भएको मानिनेछ र भोगाधिकारमा दिएको जग्गा नेपाल सरकारले भोग वा कब्जा गर्नेछ भन्ने व्यवस्था रहेको र उपदफा (९) मा भोगाधिकार समाप्ति भएमा सो को सूचना कार्यालयले सम्बन्धित पक्षलाई दिनुपर्नेछ भन्ने व्यवस्था रहेको। सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा २१ को उपदफा (१) मा भोगाधिकारबाट प्राप्त जग्गा लिजमा परिणत गर्नुपर्ने व्यवस्था र सोही दफाको उपदफा (४) मा लिजमा परिणत गर्न निवेदन नदिने भोगाधिकार प्राप्त व्यक्ति, संस्था वा निकायले लिजमा लिएको जग्गाको भोगाधिकार स्वत: समाप्त हुनेछ, उपदफा (५) मा भोगाधिकार प्राप्त भएको जानकारी कार्यालयले भोगाधिकार प्राप्तकर्ता तथा सम्बन्धित पक्षलाई दिनुपर्नेछ भन्ने स्पष्ट व्यवस्था रहेको, सो अनुसार गर्न/गराउन यस विभागबाट पटक पटक पत्राचार भईसकेकोमा साविकमा भोगाधिकार लिएका व्यक्ति, संस्था वा निकायले तोकिएको समय सीमाभित्र लिजमा परिणतको लागि निवेदन नदिएको अवस्थामा भोगाधिकार समाप्तिको जानकारी नगराएको र सोही विषयमा भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ७३६ मिति २०८३/०२/०१ पत्रबाट सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा २१ तथा सोही दफाको विभिन्न उपदफाहरुमा भएको व्यवस्था बमोजिम सम्बन्धित भूमि प्रशासन कार्यालय मार्फत भोगाधिकार समाप्त भईसकेको जानकारी यथाशीघ्र दिने व्यवस्था मिलाउनुहुन भनी लेखिआएकोले लिज कार्यनीतिमा भएको व्यवस्था र मन्त्रालयबाट प्राप्त निर्देशन अनुसार भोगाधिकार प्राप्त व्यक्ति, संस्था वा निकायलाई भोगाधिकार समाप्तिको जानकारी गराई यस विभागमा समेत जानकारी दिनुहुन भनी यस विभागको च.नं. ४७२६ मिति २०८३/०२/२६ मा पत्राचार भएकोमा साविकमा भोगाधिकारमा जग्गा प्राप्त गर्ने व्यक्ति संस्था निकायले आफ्नो भोगाधिकार समाप्त भई लिजमा परिणत नभएको हकमा हाल मालपोत नियमावली, २०३६ (नवौं संशोधन) २०८३ को दफा २३झ. (१९) मा व्यवस्था भए अनुसार लिजमा परिणत गर्नुपर्ने हुँदा साविकमा भोगाधिकार प्राप्त गरेका व्यक्ति, संस्था वा निकायले यो नियम प्रारम्भ भएको मितिले ६ महिनाभित्र हालसम्मको तिर्नु बुझाउनु पर्ने बाँकी रकम भए त्यस्तो रकम दाखिला गरी उक्त जग्गा लिजमा परिणत गर्न कार्यालयमा निवेदन दिन सक्नेछ भनी कानुनी व्यवस्था रहेकोमा तहाँ कार्यालयको कार्यक्षेत्र अन्तर्गत रहेका भोगाधिकार लिएका व्यक्ति, संस्था वा निकायलाई उक्त नियमावलीमा भएको व्यवस्था बमोजिम गर्ने/गराउने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

**बोधार्थ:-**
श्री भूमि व्यवस्था,सहकारी,सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
(जग्गा प्रशासन शाखा) सिंहदरवार, काठमाडौं ।

(माधव प्रसाद बराल)
शाखा अधिकृत